# श्री राधाकृष्ण सामुदायिक वन उपभोक्ता समुह

## भजनी न.पा.- २र३ कैलाली

प.स.: २०७९।०८०  **१५ दिने दोस्रोपटक सूचना प्रकाशित मिति २०७९।११।२१ गते**

च.नं. :

**काठ/दाउरा बोल-पत्रद्धारा लिलाम विक्रिको विस्तृत सूचना ।**

यस श्री राधाकृष्ण सामुदायिक वन उपभोक्ता समुह भजनी न.पा. २र३, कैलालीको सामुदायिक वन क्षेत्रबाट नियमानुसार आ.व. २०७७।०७८ र २०७८।०७९मा उत्पादित काठ/दाउरा सा.व.उ.स.को निम्न परिमाणको काठ गोलिया र चिरान काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रीत पुगेका ईच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सूचना सामाधान पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरि १६ औं दिन दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**१.वन पैदावारको विवरण**

| सि.नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फिट) | कैफियत |
|---|---|---|---|---|---|
| १ | साल | B | १९ | २७६.२६ | |
| | | C | २४ | १३५ | |
| २ | असना | A | १० | ४३९.३४ | |
| | | B | ३ | ८३.४३ | |
| ३ | साल चिरान थान | | ७७८ | १४८.५६ | |

**२.**लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकको प्रमाण-पत्र, फर्म दर्ताको प्रमाण-पत्र,आयकर र PAN दर्ताको प्रमाण-पत्रवा मु.अ. करमा दर्ता भएका प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखी बोल-पत्र साथ पेश गर्नुपर्ने छ।

**३.**बोलपत्र फाराम प्रति लटको रु. १०००।- **(फिर्ता नहुने गरी)** यस राधा कृष्ण सा.व.उ.स. भजनी न.पा. २र३को कार्यालयबाट वा डि.व.का. पहलमानपुर, कैलालीबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

**४.**बोल-पत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय भजनीको ४१५०१००००८१०००१ मा जम्मा गरी सक्कलै भौचर बोल-पत्र साथ समावेश हुनुपर्ने छ ।

**५.**प्रत्येक लटको छुट्टाछुट्टै बोल-पत्र खरिद गरी छुट्टाछुट्टै लट नम्बर समेत उल्लेख गरी पेश गर्नुपर्ने छ ।

**६.**बोल-पत्र भर्दा केरमेट नगरी अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट र शर्त राखेमा मान्यता दिइने छैन ।

**७.**बोल-पत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पट्टी समुहको अध्यक्षलाई सम्बोधन गरी आफुले सकार गरेको लट नं. र सकार कर्ताको नाम, थर र वतन स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

**८.**बोल-पत्रखरिद गर्ने, पेश गर्ने र खोल्ने दिन बिदा परेमा सो को भोलि पल्ट वा कार्यालय खुलेको दिनको सोही समयलाई कायम गरिनेछ ।

अध्यक्ष

९. समुहको कार्यालयमा दर्ता हुन आएका शिलबन्दी बोल-पत्र सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजे वनप्रतिनिधी र नियमानुसारका प्रतिनिधीहरुको रोहवरमा समुहको कार्यालयमा खोलिनेछ । बोल-पत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा बोल-पत्रखोल्न कुनै बाधा पर्ने छैन ।

१०.बोल-पत्र सदर गर्ने/नगर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारी वा यस समुहमा निहित रहनेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च, निर्धारित मुल्य अभिवृद्धि कर लगायत सकार कर्ताले सकार रकम बाहेक नियमानुसार लाग्ने कर वाफतका रकम छुट्टै बुझाई तोकिएको अवधिभित्र काठ/दाउरा उठाई लैजानु पर्ने छ ।

१२. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र राधा कृष्ण सा.व.उ.स., भजनी न.पा.२र३, को सा.व.घाटगद्दी स्थल कार्यालय परिसर मागई हेर्न सकिनेछ ।

१३. रित नपुगी वा म्याद नाघी आएको बोल-पत्रउपर कुनै कारवाही हुने छैन् ।

१४.यस सम्बन्धी अन्य कुरा बुझ्न् परेमा यस समुहको कार्यलयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिने छ वा टेलिफोन नं. ९८१५६५०७४५ वा ९८४८५६९५१३ सम्पर्क गर्न सकिने छ ।

१५.अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अध्यक्ष